


वर्ष ३२ | अंक ५ | नेपाल राष्ट्र बैंक समाचार | माघ २०६४ | जनवरी/फेब्रुअरी २००८

# खुला बजार कारोवार र तरलता प्रवाह बढ्यो

आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा खुला बजार कारोवार र तरलता प्रवाह बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ। उक्त अवधिमा बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट ४६ करोड ४८ लाख अमेरिकी डलर खुद खरिद गरी रू २९ अर्ब ७६ करोड खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको यसै अवधिमा ३९ करोड ४५ लाख अमेरिकी डलर खुद खरिद गरी रू २८ अर्ब ९० करोड खुद तरलता प्रवाह भएको थियो।

समीक्षा अवधिमा अल्पकालीन तरलता व्यवस्थापन गर्न दोस्रो बजार कारोवारमार्फत रू ६ अर्ब ८१ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ। यसमा रिभर्स रिपो बोलकबोलमार्फत रू ५ अर्ब ५७ करोड र बिक्री बोलकबोलमार्फत रू १ अर्ब २४ करोड खुद तरलता प्रशोचन भएको थियो। अघिल्लो वर्षको यसै अवधिमा बिक्री बोलकबोलबाट रू ५ अर्ब ८९ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १२ अर्ब ४९ करोड गरी कुल रू १८ अर्ब ३८ करोड खुद तरलता प्रशोचन भएको थियो। आन्तरिक कर्जाको माग बढेको र अमेरिकी डलर बिक्रीबाट खरिद गरेको भारूको परिमाण बढेकोले कम तरलता प्रशोचन गर्नु परेको हो।

**खुला बजार कारोवार (पहिलो पाँच महिना)**

*(रु. करोडमा)*

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| कुल तरलता प्रशोचन | १८३८.० | ६८१.० |
| बिक्री बोलकबोल | ५८९.० | १२४.० |
| रिर्भस रिपो बोलकबोल | १२४९.० | ५५७.० |
| खुद तरलता प्रशोचन | १८३८.० | ६८१.० |

# भारु खरिद परिमाणमा वृद्धि

नेपालले अमेरिकी डलर बिक्री गरी खरिद गरेको भारुको परिमाण बढ्दै गएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्कले यसको पुष्टि गरेको छ। बैंकका अनुसार आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा नेपालले ५५ करोड अमेरिकी डलर बिक्री गरी रू ३५ अर्ब ८ करोड बराबरको भारू खरिद गरिसकेको छ। अघिल्लो वर्षको यसै अवधिमा ३२ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री गरी रू २३ अर्ब ३९ करोड बराबरको मात्र भारू खरिद गरिएको थियो।

नेपाल आयल निगमले भारतीय आयल निगमलाई बढी बक्यौता भुक्तानी गर्न र भारतसँगको बढ्दो चालु खाता घाटा पूरा गर्न भारूको खरिद बढेको हो।

समीक्षा अवधिमा भारततर्फको निर्यात ९.३ प्रतिशतले घटेको छ भने भारतबाट भएको आयात २.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ०.९ प्रतिशतले र आयात १०.५ प्रतिशतले बढेको थियो।

भारततर्फ मुख्यतया वनस्पति घ्यू, टुथपेष्ट, कपडा, रसायन तथा तारको निर्यातमा उल्लेख्य ह्रास आएको छ। भारतबाट मुख्यतया सवारी साधन तथा पार्टपूर्जा, एम.एस. विलेट, हट रोल्ड शीट इन्क्वाइल, अन्य मेशिनेरी तथा पूर्जा र पाइप तथा पाइप फिटिङ्गको आयातमा वृद्धि भएको छ।●

## शोधनान्तर बचतमा

आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनामा देशको समग्र शोधनान्तर स्थिति रू. २ करोडले बचतमा रहेको छ। पहिलो चार महिनासम्ममा घाटामा रहेको शोधनान्तर स्थितिमा पाँचौं महिनामा आएर बचत भएको हो। अघिल्लो आर्थिक वर्षको यस अवधिमा समग्र शोधनान्तर स्थिति रू. ५ अर्ब ७८ करोडले बचतमा रहेको थियो।●

# संस्थापक शेयर साधारण शेयर सरह बिक्री गर्न सकिने

बैंक तथा वित्तीय संस्थाहरुको ५१ प्रतिशतभन्दा बढी हुने संस्थापक शेयर साधारण शेयर सरह बिक्री गर्न सकिने भएको छ। नेपाल राष्ट्र बैंकको माघ ८ गते जारी एक निर्देशनमा यो व्यवस्था उल्लेख छ। यस्तो सुविधा ५ वर्ष वित्तीय कारोवार सञ्चालन गरिसकेका बैंक तथा वित्तीय संस्थाहरुले पाउने छन्।

बिक्री प्रयोजनका लागि संस्थापक शेयर साधारण शेयरमा परिणत गर्नु पर्दछ। एक संस्थापक शेयरधनीले चालू आर्थिक वर्ष २०६४।६५ असारमा यसरी परिणत गर्न पाउने शेयरको ५० प्रतिशत मात्र बिक्री गर्न सक्नेछन्। नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएपछि आगामी साधारण सभाबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी संस्थापक शेयर साधारण शेयरमा परिणत भए बमोजिम शेयर संरचना मिलाउनु पर्नेछ। एकपटक साधारण शेयरमा परिणत भैसकेको शेयर पुनः संस्थापक वा संस्थापक समूहको शेयरमा परिणत गर्न नपाइने निर्देशनमा उल्लेख छ।

कालोसूचीमा परेको संस्थापकको शेयर बैंक तथा वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनको लागि एकपटक मात्र बिक्री गर्न पाइने छ। संस्थाको सञ्चालक पदमा बहाल रहेको संस्थापकले पनि यस्तो सुविधा लिन सक्ने पनि निर्देशनमा उल्लेख छ। शेयरको खरिदबिक्री प्रक्रिया प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।●

# 'हामीले अन्तर्राष्ट्रिय नियमन व्यवस्था अपनाएका छौं'




कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले नेपाली बैंकिङ्ग प्रणालीको प्रभावकारिता बढाउन कानुनी व्यवस्थामा सुधार गरी अन्तर्राष्ट्रिय स्तरको नियमन उपाय अपनाइएको बताउनु भएको छ।

उक्त कुरा उहाँले सिसन सेन्टर र टोरोन्टो सेन्टरको सहयोगमा बैंक सुपरिवेक्षण विभागले माघ ७ गते काठमाडौंमा आयोजना गरेको 'Financial System Oversight' विषयक सेमिनारमा व्यक्त गर्नुभएको हो।

उक्त अवसरमा उहाँले संभावित



जोखिमबाट वित्तीय क्षेत्रलाई बचाउने मुख्य उपाय प्रभावकारी नियमन तथा सुपरिवेक्षण भएको बताउनुभयो। यसै प्रसङ्गमा उहाँले स्थलगत तथा गैरस्थलगत निरीक्षण तथा सुपरिवेक्षण कार्य प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंकका कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रम अघि बढाइएको जानकारी दिनुभयो।

संस्थागत सुशासनको अभाव नेपाली वित्तीय क्षेत्रको कमजोरी रहेको उहाँले बताउनुभयो। बैंक तथा वित्तीय संस्थाहरुले सञ्चालक समिति तथा उच्च व्यवस्थापनको बनौट सार्वजनिक गर्न तथा संस्थापकहरु र तिनीहरुसंग स्वार्थ रहेका पक्षसँगको कारोवार प्रकृति र परिमाणको बारे सर्वसाधारणलाई स्पष्ट जानकारी दिन नसकेको गनासो सो अवसरमा उहाँ व्यक्त गर्नुभयो।

विकसित प्रविधि, विश्वव्यापीकरण र संस्थागत विस्तारका कारण वित्तीय संस्थाहरुको जोखिमको प्रकृतिमा परिवर्तन आइरहेको बताउँदै उहाँले यसले केन्द्रीय बैंकको वित्तीय स्थायित्व कायम गर्ने उद्देश्य प्राप्तिमा चुनौती थपेको विचार व्यक्त गर्नुभयो।

मुलुकको वित्तीय स्थायित्व कायम गर्न बैंक सुपरिवेक्षकहरुको महत्वपूर्ण भूमिका रहने



धारणा राख्दै उहाँले उनीहरुले सूचना प्रविधि, लेखाप्रणाली, अन्तर्राष्ट्रिय वित्तीय क्रियाकलाप तथा केन्द्रीय बैंकिङ्ग अभ्यास जस्ता प्राविधिक ज्ञान अद्यावधिक गरिरहनु पर्ने सुझाव दिनुभयो। सुपरिवेक्षकहरुको नैतिक पक्ष, लगनशीलता र साहस बलियो हुनुपर्ने उहाँको अपेक्षा थियो।

समारोहमा डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझी लगायत बैंकका बरिष्ट अधिकृतहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै सिसन सेन्टरका कार्यकारी निर्देशक श्री ए जी करुनासेनाले सिसन क्षेत्रका केन्द्रीय बैंकको सुपरिवेक्षण क्षमता अभिवृद्धि गर्न सेमिनार आयोजना गरिएको बताउनुभयो।

टोरोन्टो सेन्टरका कार्यकारी निर्देशक डा. जर्ज प्याटिनोले ADAPT सिद्धान्तको बारेमा चर्चा गर्नुभयो। अवस्थाको विश्लेषण (Analyse the situation), जोखिमको केन्द्र पहिचान (Develop a focus), योजना निर्माण (Articulate a plan), योजना तर्जुमा (Posi-



tion the plan) र योजनाको सामयिक व्यवस्थापन (Timely management of the plan) नै ADAPT सिद्धान्त भएको उहाँले बताउनुभयो।

सेमिनारमा नेपाल राष्ट्र बैंकका १४, बैंक इण्डोनेसियाका ४, नेशनल बैंक अफ कम्बोडिया र बैंक नेगारा मलेसियाका २/२, रिजर्भ बैंक अफ फिजी, रिजर्भ बैंक अफ इण्डिया, सेन्ट्रल बैंक अफ इस्लामिक रिपब्लिक अफ इरान, बैंको सेन्ट्रल अङ्ग फिलिपिनास, मनिटरी अथोरिटी अफ सिंगापुर र सेन्ट्रल बैंक अफ चाइना, ताइपेइका १/१ गरी कुल २८ जनाको सहभागिता रहेको थियो।●



# सरकारी वित्त स्थितिमा चाप यथावत्

नेपाल सरकारको वित्त स्थितिमा चाप यथावत् कायम रहेको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सरकारी खर्च राजस्व संकलन भन्दा बढी दरले बढ्ने क्रम रोकिएको छैन्। तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनामा सरकारी खर्च वृद्धि उच्च रहेकोले सरकारी बजेट रू ९ अर्ब ८१ करोडले घाटामा रहेको छ। यो घाटा अघिल्लो महिनाभन्दा रु २ अर्ब ४० करोडले बढी छ। अघिल्लो वर्षको सोही अवधिमा बजेट रू ४ अर्ब ९५ करोडले बचतमा रहेको थियो।

कुल बजेटघाटामध्ये रू २ अर्ब २४ करोड वैदेशिक ऋणबाट र रू ५ अर्ब ८ करोड आन्तरिक ऋण परिचालन गरी पूर्ति गरिएको छ। नेपाल राष्ट्र बैङ्कबाट रू २ अर्ब ५७ करोड बराबरको अधिविकर्ष उपयोग गरेको छ।

समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ४४.३ प्रतिशतले वृद्धि भई रू ४७ अर्ब २६ करोड पुगेको छ। चालू खर्च, पूँजीगत खर्च र साँवा भुक्तानीमा वृद्धि भएको छ। चालू खर्च २७.७ प्रतिशतले वृद्धि भई रू ३० अर्ब ९५ करोड पुगेको छ। राहत खर्च वृद्धि, सरकारी कर्मचारीको तलब वृद्धि, शान्ति व्यवस्थापनसम्बन्धी खर्च वृद्धि र संविधान सभाको निर्वाचन तयारी खर्च लगायत अन्य सरकारी प्रशासनिक खर्चमा वृद्धि भएको कारण समीक्षा अवधिमा चालू खर्चको वृद्धिदरमा विस्तार आएको हो।

पूँजीगत खर्च पनि १२०.३ प्रतिशतले वृद्धि भई रू ७ अर्ब ४३ करोड पुगेको छ। नेपाल आयल निगमलाई रू ५० करोड भुक्तानी, गरिबी निवारण कोषलाई रू १ अर्ब २० करोड भुक्तानी, कृषि विकास बैङ्कमा रू १ अर्ब ७५ करोड शेयर लगानी, नेपाल विद्युत प्राधिकरणलाई रू ५२ करोड शेयर लगानी र स्थानीय निकायलाई अनुदान रकम निकासा भएको कारण पूँजीगत खर्च बढेको हो।

नेपाल सरकारको राजस्व परिचालन २१ प्रतिशतले वृद्धि भई रू ३२ अर्ब ३६ करोड पुगेको छ। भन्सार एवं अन्तःशुल्क प्रशासनमा गरिएको सुधारको फलस्वरूप भन्सार एवं अन्तःशुल्क राजस्वको वृद्धिदरमा विस्तार भएको, आयकर राजस्व एवं मूल्य अभिवृद्धि कर राजस्वमा वृद्धि भएको र गैरकर राजस्वको वृद्धिदर पनि बढेको कारण समीक्षा अवधिमा कुल राजस्व परिचालनको वृद्धिदर बढेको हो।

चालू आर्थिक वर्ष २०६४/६५ को माघ ४ सम्ममा सरकारी राजस्व २६.५ प्रतिशतले वृद्धि भई रु ४८ अर्ब ७५ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारी राजस्व १९.० प्रतिशतले वृद्धि भएको थियो। माघ ४ सम्ममा सरकारी खर्च २९.४ प्रतिशतले वृद्धि भई रू ५८ अर्ब ९७ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारी खर्च १०.९ प्रतिशतले वृद्धि भएको थियो। बजेट घाटा भने रू २ अर्ब ७४ करोडमा झरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बजेट रू ३ अर्ब ७९ करोडले बचतमा थियो। २०६४ माघ ४ सम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू ७ अर्ब ६४ करोड नगद बचत रहेको छ। अघिल्लो आर्थिक वर्षको रू ३ अर्ब १२ करोड नगद बचत समेत समावेश गर्दा २०६४ माघ ४ सम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग कुल रू. १० अर्ब ७७ करोड नगद बचत रहेको छ।

समीक्षा महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदानबापत् रू ३ अर्ब ४२ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष सो शीर्षकमा रू ७ अर्ब २३ करोड प्राप्त भएको थियो।●

# पहिलो पाँच महिनाको मौद्रिक स्थिति

### मुद्राप्रदाय

आर्थिक वर्ष २०६४/६५ को पहिलो पाँच महिनासम्ममा विस्तृत मुद्राप्रदाय ९.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्राप्रदाय ४ प्रतिशतले बढेको थियो। त्यस्तै संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष २.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.८ प्रतिशतले बढेको छ। नेपाल सरकार र निजी क्षेत्रतर्फ बैंक कर्जा बढेकोले आन्तरिक कर्जामा वृद्धि आई मौद्रिक योगाङ्कहरू बढ्न गएका हुन।

आवधिक निक्षेप अघिल्लो वर्ष ४.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा उल्लेख्य ११.७ प्रतिशत (रू ३१ अर्ब ५५ करोड) ले बढी रू ३ खर्ब १८ करोड पुगेको छ। निजी क्षेत्रको उच्च विप्रेषण आप्रवाहका अतिरिक्त तीन नयाँ बैंकहरू संचालनमा आएका र बैंकहरूले उल्लेख्य शाखा विस्तार गरेका कारण आवधिक निक्षेप बढेको हो।

अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू ५ अर्ब ७८ करोड अर्थात् ४.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा रू २ करोड ४१ लाखले मात्र बढेको छ। निजी क्षेत्रको उच्च विप्रेषण आप्रवाह तथा पर्यटन क्षेत्रबाट प्राप्त विदेशी मुद्रा आय वृद्धिका बाबजुद खुद वैदेशिक सहयोगमा कमी आएको, नेपाल आयल निगमले भारतीय आयल निगमलाई गरेको भुक्तानी बढेको र निर्यात बढ्न नसकेको कारण खुद वैदेशिक सम्पत्तिको वृद्धिदर सिमान्त रहेको हो।

### कुल आन्तरिक कर्जा

अघिल्लो वर्ष आन्तरिक कर्जा २.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.४ प्रतिशतले बढेको छ। नेपाल सरकारमाथिको खुद दावी बढ्नुको अतिरिक्त निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेकोले आन्तरिक कर्जा बढेको हो।

नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष ११.१ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४.८ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा नेपाल सरकारको साधन परिचालनको तुलनामा खर्च उच्च रहेकोले नेपाल सरकारमाथिको खुद दावी बढेको हो।

वित्तीय संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा १०० प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त दावी २९.५ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा वाणिज्य बैंकहरूले वित्त कम्पनी, विकास बैंक तथा अन्य वित्तीय संस्थाहरूमा अल्पकालीन लगानी बढाएकोले वित्तीय संस्थाहरू-माथिको दावी बढेको हो।

निजी क्षेत्रतर्फ जाने कर्जा अघिल्लो वर्ष ६.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.९ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा तीन नयाँ बैंकहरू सञ्चालनमा आएका र बैंकहरूले उत्पादन, निर्माण, सञ्चार तथा यातायात र सेवा क्षेत्रहरूमा कर्जा प्रवाह बढाएकोले गर्दा निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा विस्तार आएको हो। समीक्षा अवधिमा आइरन रड, टेक्सटाईल, सिमेण्ट, सवारी साधन, घर जग्गा तथा आवास निर्माण र पर्यटन क्षेत्रतर्फ बैंक कर्जा बढी प्रवाह भएको छ।

### सञ्चित मुद्रा

अघिल्लो वर्ष १.२ प्रतिशतले घटेको सञ्चित मुद्रा समीक्षा अवधिमा २.१ प्रतिशतले बढेको छ। यस अवधिमा मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्तिमा कमी आए तापनि नेपाल सरकारमाथिको खुद दावी बढेकोले सञ्चित मुद्रा बढेको हो।●

# पूँजी खाता परिवर्त्यताका लागि थप गृहकार्य आवश्यक

नेपालमा पूँजी खाता परिवर्त्य बनाउन थप गृहकार्य आवश्यक रहेको कुरा पुस २९ गते काठमाडौंमा आयोजित कार्यशालाका सहभागीहरुले व्यक्त गरेका छन् । विदेशी विनिमय व्यवस्थापन विभागद्वारा आयोजित 'Possibility of Capital Account Convertibility in Nepal' विषयक कार्यशालामा नेपाली रुपैयाँलाई पूँजी खातामा परिवर्त्यता प्रदान गर्न सम्भाव्यताको खोजी गरिएको थियो ।




कार्यक्रममा भारतीय रिजर्भ बैंकका मुख्य प्रबन्धक श्री अल्पना किलावालाले पूँजी खाता परिवर्त्यताका विषयमा भारतीय अनुभव बताउनुभएको थियो ।

कार्यशालामा तीन छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत भई छलफल गरिएको थियो ।

कानून महाशाखाका निर्देशक श्री धर्मराज सापकोटाले 'नेपालमा पूँजी खाता परिवर्त्यताको सम्भावना, आधार तथा यसको नियमन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । पूँजी पलायनबाट हुन सक्ने आर्थिक अस्थिरता रोक्नु पूँजी खाता नियन्त्रणमा राख्नुको मुख्य कारण रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, 'मुलुकमा विषम परिस्थितिमा पूँजी खाता खुला गर्दा अनियन्त्रित रुपमा पूँजी बाहिरिइ विदेशी विनिमय सञ्चितिमा अप्रत्यासित ह्रास आई आर्थिक अस्थिरताको वातावरण सृजना हुन सक्छ ।

यद्यपि वर्तमान विश्व परिवेश अनुसार पूँजी पलायनको खतरा समेतलाई मध्यनजर राखी क्रमिक रुपमा पूँजी खाता परिवर्त्य गर्दै जानु पर्ने उहाँको कार्यपत्रको निष्कर्ष थियो ।

अनुसन्धान विभागका उप-निर्देशक डा. भुवनेश पन्तले 'Capital Account Convertibility and Macroeconomic Aspects of Nepal' विषयमा अर्को कार्यपत्र प्रस्तुत गर्नुभयो । यसक्रममा उहाँले पूँजी खाता परिवर्त्यताबाट वित्तीय क्षमता अभिवृद्धि, आन्तरिक बचत तथा लगानीमा वृद्धि, सम्पत्तिको वास्तविक मूल्य प्राप्ति जस्ता लाभ हुने बताउनुभयो । लाभसंगै आन्तरिक बचत बाहिरिने, आर्थिक अस्थिरताको सम्भावना रहने, पूँजीको कम उपयोग हुने जस्ता समस्या आउने उहाँले स्पष्ट पार्नुभयो । वित्तीय क्षेत्र पूर्ण विकसित नभएको र वित्तीय स्थिति सन्तोषजनक नभएको नेपालले पूँजी खाता पूर्ण परिवर्त्यतातर्फ लाग्न हतारिन नहुने उहाँको सुझाव थियो ।

नेपाल बैंकर्स संघका अध्यक्ष श्री राधेश पन्तले तेस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो । 'Capital Account Convertibility and Operational Aspects in the Nepalese Context' विषयमा प्रस्तुत उहाँको कार्यपत्रमा नेपालले पूँजी खाता परिवर्त्यतातर्फ लाग्नु अघि धेरै विषयमा थप छलफल र स्पष्ट हुनु आवश्यक रहेको उल्लेख छ ।

कार्यक्रमको शुरुमा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री रामजी रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । अन्तमा सोही विभागका निर्देशक श्री शंकरप्रसाद आचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



बैंकका विभागीय प्रमुखहरु लगायत वरिष्ट अधिकृतहरु र विभिन्न बैंकका प्रतिनिधिहरुको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक श्री आर्या जोशीले गर्नुभएको थियो ।●

# धनगढीमा आन्तरिक ऋण व्यवस्थापन कार्यशाला

राष्ट्र ऋण व्यवस्थापन विभागले कैलालीको धनगढीमा पुस २० गते आन्तरिक ऋण व्यवस्थापन सम्बन्धी एकदिने कार्यशाला सम्पन्न गर्‍यो । धनगढी क्षेत्रका बैंक, वित्तीय संस्था र लगानीकर्ताहरुलाई आन्तरिक ऋण व्यवस्थापनको जानकारी दिन कार्यशाला आयोजना गरिएको थियो । सरकारी ऋणपत्रमा लगानी गर्न अभिप्रेरित गरी ऋणपत्रको बजार विस्तार गर्नु र राय सुझाव संकलन गरी आन्तरिक ऋण व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनु पनि कार्यशालाको उद्देश्य थियो ।

कार्यशाला नेपाल राष्ट्र बैंक, धनगढीका व्यवस्थापक श्री बलराम पौडेलको सभापतित्वमा सञ्चालन भएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंक, धनगढी लगायत त्यस क्षेत्रका बैंक र वित्तीय संस्थाका पदाधिकारीहरु तथा लगानीकर्ताहरुको सहभागिता रहेको थियो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक श्री सीता घिमिरेले कार्यशाला सञ्चालनको उद्देश्य तथा आन्तरिक ऋण बारेमा चर्चा गर्नुभयो । उहाँले दीर्घकालीन ऋणपत्रको प्राथमिक निष्कासन, दोस्रो बजार कारोवार प्रक्रिया, ऋणपत्रको साँवा तथा ब्याजको शोधभर्ना प्रक्रिया विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक, धनगढीका व्यवस्थापक श्री पौडेलले नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बजार निर्माता र ऋणपत्र खरिदकर्ताबीचको सम्बन्ध र समन्वय तथा स्थानीय स्तरमा तिनीहरुको भूमिका विषयमा अर्को कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । ऋणपत्रमा लगानी गर्दा बैंक, वित्तीय संस्था, बजार निर्माता तथा व्यक्तिहरुलाई हुने विभिन्न फाइदाहरु कार्यपत्रमा उल्लेख छ ।

राष्ट्र ऋण व्यवस्थापन विभागका कायममुकायम सहायक निर्देशक श्री कमलप्रकाश कालाथोकीले अल्पकालीन ऋणपत्रको प्राथमिक निष्कासन तथा दोस्रो बजार कारोवार, बजार निर्माताको अवधारणा तथा विशेष खाता विषयमा तेस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो । बैंक तथा वित्तीय संस्थाहरुले बजार निर्माताको इजाजत लिएर ऋणपत्रको कारोवार गर्दा हुने फाइदाका बारेमा कार्यपत्र केन्द्रीत थियो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशक श्री प्रभामैया खनालले सञ्चालन गर्नुभएको उक्त कार्यशालामा प्रधान सहायक श्री खगेन्द्रप्रसाद गौतमले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।●

# सरुवा

सहायक निर्देशकहरु बैंकिङ्ग कार्यालयका सर्वश्री गोकुल कार्की संस्थागत योजना विभागमा र अशोक महर्जन आन्तरिक लेखापरीक्षण विभागमा, आन्तरिक लेखापरीक्षण विभागका पशुपतिप्रसाद दाहाल नेपाल राष्ट्र बैंक, विराटनगरमा, नेपाल राष्ट्र बैंक, वीरगञ्जका बमबहादुर मिश्र बैंकिङ्ग कार्यालयमा, नेपाल राष्ट्र बैंक, वीरगञ्जका रामप्रसाद फुँयाल आन्तरिक लेखापरीक्षण विभागमा, नेपाल राष्ट्र बैंक, जनकपुरका प्रकाशचन्द्र भट्टराई वित्तीय संस्था सुपरिवेक्षण विभागमा, शैलेन्द्र रेग्मी अनुसन्धान विभागमा र रमेशराज सिग्देल लघु वित्त विभागमा, सामान्य सेवा विभागका मनोहर बस्नेत, बैंक सुपरिवेक्षण विभागका कर्णगोपाल श्रेष्ठ र सुमित्रा जोशी, बैंक तथा वित्तीय संस्था नियमन विभागका विमुल मानन्धर तथा लघु वित्त विभागका यज्ञराज अधिकारी अनुसन्धान विभागमा, संस्थागत योजना विभागका पुष्पा बराल मुद्रा व्यवस्थापन विभागमा, बैंक सुपरिवेक्षण विभागका चन्द्रकुमार श्रेष्ठ राष्ट्र ऋण व्यवस्थापन विभागमा र लघु वित्त विभागका श्यामकृष्ण तिमिल्सिना बैंकर्स प्रशिक्षण केन्द्रमा सरुवा हुनुभएको छ।

वित्तीय क्षेत्र सुधार आयोजनामा काजमा रहनुभएका सहायक निर्देशकहरु अच्युतराज जोशीलाई बैंक सुपरिवेक्षण विभागमा, विश्रुत थापालाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा र विनोदराज लेखकलाई बैंक सुपरिवेक्षण विभागमा सरुवा गरी काज यथावत् कायम गरिएको छ।

सहायक निर्देशक (नगद) ज्योतीप्रसाद भण्डारी मुद्रा व्यवस्थापन विभागबाट बैंकिङ्ग कार्यालयमा, रोशनकुमार पन्थ बैंकिङ्ग कार्यालयबाट मुद्रा व्यवस्थापन विभागमा, खेमराज पौडेल नेपाल राष्ट्र बैंक, धनगढीबाट मुद्रा व्यवस्थापन विभागमा (काज), प्रेमबहादुर चन्द नेपाल राष्ट्र बैंक, जनकपुरबाट बैंकिङ्ग कार्यालयमा (काज), कृष्णप्रसाद शर्मा नेपाल राष्ट्र बैंक, वीरगञ्जबाट राष्ट्र ऋण व्यवस्थापन विभागमा (काज) सरुवा हुनुभएको छ।

प्रधान सहायकहरु बैंकिङ्ग कार्यालयका कृष्णप्रसाद गौतम आन्तरिक लेखापरीक्षण विभागमा, दामोदरप्रसाद आचार्य लघु वित्त विभागमा (काज), नेपाल राष्ट्र बैंक, वीरगञ्जका विष्णुप्रसाद फुयाल बैंकिङ्ग कार्यालयमा, मुद्रा व्यवस्थापन विभागका निर्मला खतिवडा सामान्य सेवा विभागमा (काज), नेपाल राष्ट्र बैंक, जनकपुरका समिरहरि शर्मा बैंकिङ्ग कार्यालयमा सरुवा हुनुभएको छ।

यसैगरी बरिष्ठ पियनहरु बैंकिङ्ग कार्यालयका हरिप्रसाद कुईकेल संस्थागत योजना विभागमा, संस्थागत योजना विभागका हरिबहादुर थिङ्ग बैंकिङ्ग कार्यालयमा, विदेशी विनिमय व्यवस्थापन विभागका कृष्णबहादुर श्रेष्ठ मुद्रा व्यवस्थापन विभागमा र रामचन्द्र अधिकारी मुद्रा व्यवस्थापन विभागबाट विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ।●

# अधिकृत तृतीय पदमा बढुवा/पदस्थापन

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको अधिकृत तृतीय पदमा बढुवाका लागि सिफारिस गरिएका ६० जना कर्मचारीहरुलाई उक्त पदमा बढुवा गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको छ। जनशक्ति व्यवस्थापन विभागका अनुसार अधिकृत तृतीयहरु सर्वश्री किशन चन्दलाई नेपाल राष्ट्र बैंक, धनगढी, मुक्तिनाथ चालिसेलाई बैंक सुपरिवेक्षण विभाग, विनोदकुमार सुबेदीलाई नेपाल राष्ट्र बैंक, धनगढी, हिरादेवी विष्टलाई बैंकिङ्ग कार्यालय र नारदकुमार पियालाई वित्त व्यवस्थापन विभागमा पदस्थापन गरिएको छ।

भुवनेश्वर भट्टराईलाई बैंक सुपरिवेक्षण विभाग, हेमनाथ त्रिपाठीलाई नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर, सञ्जयकुमार गौतमलाई नेपाल राष्ट्र बैंक, वीरगञ्ज, कृष्णमान सिंह राउतलाई लघु वित्त विभाग, ऋतुनाथ लम्साललाई नेपाल राष्ट्र बैंक, पोखरा, विलासचन्द्र राईलाई नेपाल राष्ट्र बैंक, नेपालगञ्ज, सागरप्रसाद सिग्देललाई नेपाल राष्ट्र बैंक, धनगढी, मोहनप्रसाद उप्रेतीलाई डेपुटी गभर्नरको कार्यालय, रवीन्द्र स्थापितलाई मुद्रा व्यवस्थापन विभाग र शम्भुराम श्रेष्ठलाई नेपाल राष्ट्र बैंक, धनगढीमा पदस्थापन गरिएको छ।

सितादेवी माथेमालाई बैंकर्स प्रशिक्षण केन्द्र, केदारनाथ डोटेललाई राष्ट्र ऋण व्यवस्थापन विभाग, गुमेप्रसाद बि. कार्कीलाई नेपाल राष्ट्र बैंक, नेपालगञ्ज, भरतरत्न शाक्यलाई संस्थागत योजना विभाग, जयन्तकुमार पौडेललाई नेपाल राष्ट्र बैंक, विराटनगर, भीष्मजंग कुँवरलाई नेपाल राष्ट्र बैंक, नेपालगञ्ज, सुशिल घिमिरेलाई मुद्रा व्यवस्थापन विभाग, मोहन पोखरेललाई नेपाल राष्ट्र बैंक, वीरगञ्ज, प्रमोद श्रेष्ठलाई नेपाल राष्ट्र बैंक, विराटनगर, शिवराम रेग्मीलाई बैंकिङ्ग कार्यालयमा पदस्थापन गरिएको छ।

किरणबहादुर श्रेष्ठलाई सामान्य सेवा विभाग, श्रीकुमार बस्नेतलाई नेपाल राष्ट्र बैंक, वीरगञ्ज, शकुन्तला सुवेदीलाई विदेशी विनिमय व्यवस्थापन विभाग, जुनु अमात्यलाई बैंकिङ्ग कार्यालय, मोहनप्रसाद भट्टराईलाई वित्तीय संस्था सुपरिवेक्षण विभाग, शिवहरि सिंह बस्नेतलाई जनशक्ति व्यवस्थापन विभाग, श्यामकुमार नागलाई नेपाल राष्ट्र बैंक, नेपालगञ्ज (काज- नेपाल राष्ट्र बैंक, वीरगञ्ज), सविता न्यौपाने बस्नेतलाई गभर्नरको कार्यालयमा पदस्थापन गरिएको छ।

सुशिलकुमार पाण्डेलाई नेपाल राष्ट्र बैंक, जनकपुर, जुद्धमान श्रेष्ठलाई नेपाल राष्ट्र बैंक, वीरगञ्ज, कमानसिंह खड्कालाई वित्त व्यवस्थापन विभाग, कृष्णप्रसाद उप्रेतीलाई मुद्रा व्यवस्थापन विभाग, राजन अधिकारीलाई सामान्य सेवा विभाग, विन्दुप्रसाद अर्याललाई गभर्नरको कार्यालय, पदमप्रसाद निरौलालाई संस्थागत योजना विभाग, भोलानाथ प्रेमीलाई कानुन महाशाखा, काजीराम कार्कीलाई नेपाल राष्ट्र बैंक, नेपालगञ्ज, बाबुराम सुवेदीलाई नेपाल राष्ट्र बैंक, जनकपुर, लता के.सी.लाई आन्तरिक लेखापरीक्षण विभाग, सागरबहादुर थापालाई बैंकिङ्ग कार्यालय, उद्धवकुमार पुनलाई गभर्नरको कार्यालय र सुरेश पन्तलाई नेपाल राष्ट्र बैंक, जनकपुरको अधिकृत तृतीय पदमा पदस्थापन गरिएको छ।

यसैगरी विश्वनाथ ढुंगाना तथा मोहम्मद बाजुल हकशेषलाई नेपाल राष्ट्र बैंक, जनकपुर, रमेशकुमार क्षेत्रीलाई नेपाल राष्ट्र बैंक, वीरगञ्ज, कल्पना खापुङ्गलाई अनुसन्धान विभाग, गोपीकृष्ण बडाललाई बैंकिङ्ग कार्यालय, राजेन्द्रकुमार श्रेष्ठलाई नेपाल राष्ट्र बैंक, जनकपुर, राजेन्द्रप्रसाद रिमाललाई वित्त व्यवस्थापन विभाग, रामप्रसाद उप्रेतीलाई मुद्रा व्यवस्थापन विभाग, ऋषिराम आचार्यलाई बैंक तथा वित्तीय संस्था नियमन विभाग, शान्ति खड्कालाई सामान्य सेवा विभाग, पडोहीप्रसाद चौधरीलाई नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर, इन्द्रप्रसाद गेलाललाई नेपाल राष्ट्र बैंक, विराटनगर र दीपक पौडेललाई आन्तरिक लेखापरीक्षण विभागको अधिकृत तृतीय पदमा पदस्थापन गरिएको छ।●



# नेपाली अर्थव्यवस्थाका चुनौतीहरु

■ धनञ्जय शर्मा

सन्तुलित गतिमा अघि बढ्न सके राष्ट्रले गतिलो आर्थिक एवं सामाजिक रुपान्तरण हासिल गर्न सक्तछ। अर्थतन्त्रका हरेक क्षेत्रबीच अन्योन्याश्रित सम्बन्ध रहन्छ र रहनु पर्दछ। नेपालको सन्तुलित आर्थिक विकासका लागि कृषि क्षेत्रको आर्थिक रुपान्तरण, औद्योगिक क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु आवश्यक छ। पर्यटन गतिविधिमार्फत उत्पादन र उत्पादकत्व वृद्धि, स्थायी शान्ति र पुनर्निर्माण, समावेशी सन्तुलित विकास, गरिबी निवारण आदि यसका चुनौती हुन्।

अर्थतन्त्रले स्वभाविक गति लिन देखिएका चुनौतीहरु प्रभावकारी रुपमा सामना गर्दै जान सक्नु पर्दछ। चुनौतीभित्र सुनौला अवसर लुकेका हुन सक्दछन्। यसका लागि दृढ इच्छाशक्ति र कार्यशक्तिको जरुरत पर्दछ।

### वाह्य असन्तुलनको प्रभाव

अन्तर्राष्ट्रिय मुद्रा कोषले अमेरिकी आवास क्षेत्रमा आएको शिथिलता, वित्तीय बजारमा आउन सक्ने अस्थिरता, पेट्रोलियम पदार्थको मूल्यमा हुन सक्ने वृद्धिका कारण मुद्रास्फीतिमा पर्न सक्ने चाप आदिलाई विश्व आर्थिक वृद्धिको प्रमुख चुनौती मानेको छ। यसले नेपालको वित्तीय बजार, वैदेशिक रोजगार, विप्रेषण आप्रवाह एवं मूल्यस्थितिमा नकारात्मक असर गर्दछ। यसको समायोजन नेपालका लागि चुनौती रहेको छ।

### कृषि क्षेत्रको उत्पादकत्व वृद्धि

नेपालको कृषि परम्परागत र मनसुनमा आधारित छ। यसलाई व्यावसायिक प्रणालीमा रुपान्तरण गरी औद्योगिक विकासको आधार बनाउनु आवश्यक छ। भूमिको सन्तुलित वितरण तथा उत्पादनशील उपयोग, माग र आवश्यकता अनुरुप लघु सिंचाई आयोजनाको सञ्चालन यसका पूर्वाधार हुन्। कृषि कर्जाको सहज, सरल र सर्वसुलभ आपूर्ति, साधनको नियमित आपूर्ति र कृषिको आधुनिकीकरण पनि आवश्यक छ। आवश्यक पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता, स्थान र मौसम अनुरुप विशेष कृषि बालीको विकास, साना सिंचाई आयोजनालाई प्रोत्साहन लगायतका क्रियाकलापमा सुधार गरी कृषि उत्पादकत्व बढाउनु पर्दछ। यसका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु चुनौतीपूर्ण छ।

### औद्योगिक क्षेत्रको उत्पादन

बन्द, हडताल, चन्दा आतंक, लोड सेडिङ, कार्टेलिङ, आपूर्ति समस्या, व्यवसायी र श्रमिकबीचको असमझदारी, औद्योगिक सुरक्षाको अभाव, औद्योगिक व्यवसाय ऐन आदिका कारण औद्योगिक तथा व्यावसायिक वातावरण सहज हुन सकेको छैन्। यसले औद्योगिक क्षेत्रको उत्पादनमा नकारात्मक असर परेको छ। औद्योगिक क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित हुन सकेको छैन भने विद्यमान लगानीकर्ताहरु समेत निराश र हतोत्साही बन्दै गइरहेका छन्। यसबाट पुँजी पलायन हुने खतरा देखिएको छ। यस विषम परिस्थिति राजनैतिक, प्रशासनिक, नीतिगत एवं प्रक्रियागत सुधारको माध्यमबाट हल गरी उत्पादन बढाउनु चुनौतीपूर्ण देखिन्छ।

### पर्यटन उद्योगको विकास

नेपाल प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुमध्ये एक हो। नेपालमा पर्यटन उद्योगको विकासको पर्याप्त सम्भावना रहेको छ। यसको माध्यमबाट विदेशी मुद्रा आर्जन बढ्ने, रोजगारीका अवसरहरु बढ्ने, घरेलु तथा हस्तकलाका उद्योगको विस्तार र प्रवर्द्धनमा मद्दत पुग्ने, स्थानीय तहमा उत्पादन तथा आयस्तर बढ्ने, देशको प्रचारप्रसार हुने, चेतनास्तरमा वृद्धि हुने, नेपाली कला संस्कृतिको प्रवर्द्धन हुने, सरकारी राजस्वमा वृद्धि हुने, जनताको जीवनस्तरमा सुधार हुने, क्षेत्रीय असन्तुलन घटाउन मद्दत पुग्ने हुन्छ। यस्तो महत्वपूर्ण पर्यटन क्षेत्रको विकास र विस्तार गरी उद्योगको रुपमा विकास गर्नु कम चुनौतीपूर्ण छैन्।

### स्थायी शान्ति र पुनर्निर्माण

आन्तरिक द्वन्द्वको अन्त्य भई मुलुक स्थायी शान्तितर्फ अग्रसर रहेको छ। विगतमा शान्ति सुरक्षाको अभावले कार्यान्वयन गर्न नसकिएका विकास निर्माणको कार्यान्वयन अगाडि बढाउने र ध्वस्त भएका आयोजनाहरुको पुनर्निर्माण गर्ने कार्य महत्वपूर्ण बनेको छ। साथै, सडक, पुल, खानेपानी, विद्युत, सिंचाई सम्बन्धी आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गरी द्वन्द्वका कारण अवरुद्ध विकासको क्रमलाई तीव्रताका साथ अघि बढाउनु आवश्यक छ। समग्रमा दिगो शान्ति र पुनर्निर्माण कार्यलाई अघि बढाउनु पर्ने चुनौती रहेको छ।

### गरिबी निवारण

स्थानीय स्रोत, साधनबाट सञ्चालन भइरहेका घरेलु तथा हस्तकलाजन्य उद्योगहरुको अवस्था कमजोर रहेको छ। अर्कोतर्फ ग्रामीण कृषिको अवस्था पनि दयनीय छ। यसबाट स्थानीय स्तरमा सिर्जना गर्न सकिने स्वरोजगारीका अवसरहरु न्यून हुन गई गरिबी निवारण चुनौतीपूर्ण बनेको छ। स्थानीय घरेलु उद्योग तथा कृषि व्यवसायलाई सशक्तीकरण गरी ग्रामीण क्षेत्रमा स्वरोजगार कार्यक्रम सञ्चालन गर्नु पर्ने, कृषि र घरेलु उद्योगसँगै ग्रामीण पर्यटन, लघु जलविद्युत लगायतका स्वरोजगार कार्यक्रममार्फत् गरिबी निवारण गर्नु आजको चुनौती रहेको छ।

### वाह्य क्षेत्र स्थायित्व

भारतसंगको व्यापार घाटा फराकिलो हुँदै गएको छ। चालु आर्थिक वर्ष २०६४।६५ को प्रथम पाँच महिनामा रु.३६ अर्ब बराबरको भा.रु.खरिद गरी आयात व्यवस्था मिलाइएको छ। नेपाली रुपैंयाको विनिमयदर अधिमूल्यन भई निर्यात हतोत्साही हुनुको साथै विप्रेषण समेत प्रभावित भइरहेको छ। वैदेशिक अनुदान र ऋणले मात्र बाह्य क्षेत्र स्थायित्व कायम गर्नु पर्ने संवेदनशील अवस्था देशमा विद्यमान रहेको तथ्याङ्कले पुष्टि गरेको छ।

### लगानी र तरलता व्यवस्थापन

हाल उद्योग क्षेत्र पनि शिथिल अवस्थामा रहेको छ। धेरै उद्योगहरु लोड सेडिङ र कमजोर शान्ति सुरक्षाका कारणले बन्द भएका छन्। केही उद्योगहरु भारततर्फ पलायन/स्थानान्तरण भएका छन्। शेयर कारोवारमा अप्रत्याशित उतारचढावको कारण तरलता व्यवस्थापनमा पनि गम्भीर चुनौती देखिएको छ।

### प्रभावकारी नीति र सशक्त कार्यान्वयन

अन्य उत्पादनशील वातावरण सहज रहेको अवस्थामा पनि ढिलासुस्ती र कमजोर नीतिगत निर्णयले उत्पादन र उत्पादकत्वमा प्रतिकूल प्रभाव पार्दछ। आजको असहज परिस्थितिमा सरकार र सम्बद्ध निकाय गम्भीर हुनै पर्दछ।

नेपाली अर्थतन्त्र विश्व अर्थतन्त्रबाट अलग रहन सक्तैन। बाह्य क्षेत्रको असन्तुलनले नेपालमा पनि प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभाव पार्ने गर्दछ। आन्तरिक वितरण प्रणाली सुव्यवस्थित गर्न सके यस्तो असरलाई कम गर्न सकिन्छ।

कृषि प्रणालीमा निर्भर नेपाली अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान करिब ३८ प्रतिशत रहेको छ। रोजगारी एवं आश्रित जनसंख्या भने उल्लेख्य मात्रामा रहेको पाइन्छ। व्यावसायिक खेती प्रणालीमार्फत् कृषि क्षेत्रको आधुनिकीकरणका लागि उपयुक्त कृषि सामग्री, सिंचाई, सहज कर्जा व्यवस्था आदिको उचित संयोजन गरी कृषि क्षेत्रको उत्पादकत्व बढाउनु पर्दछ। कृषिलाई औद्योगिक विकासको आधारका रुपमा विकास गर्नु पर्ने चुनौतीलाई अवसरका रुपमा उपयोग गर्नुपर्ने खाँचो देखिन्छ। औद्योगिक उत्पादन बढाउनका लागि उपयुक्त कार्य वातावरण बनाउनु उत्तिकै जरुरी छ। विकास खर्च बढ्न नसकेको अवस्थालाई हेर्दा शान्ति र पुनर्निर्माणतर्फ जोड दिन पनि भुल्न हुँदैन। नेपालको भू-बनोट पर्यटन उद्योग विस्तार गर्न सकिने खालको भएको र हाल यसको गतिविधि निकै उत्साहप्रद रहेको सन्दर्भमा पर्यटन क्षेत्रलाई उद्योगकै रुपमा विकास गर्दै यसको प्रतिफल ग्रामीण तहसम्म पुऱ्याउनु पर्ने खाँचो टड्कारो देखिन्छ। ●



# विकास निर्माणमा करको महत्व

■ सुमनकुमार नेपाल

देश र जनताको समग्र विकास गर्नु राज्यको दायित्व हो। यसका लागि देशमा उपलब्ध स्रोत र साधनको सन्तुलित एवं उच्चतम उपयोग हुनु आवश्यक हुन्छ। नेपाल जस्तो गरिब र कमजोर अर्थतन्त्र भएको देशको समग्र विकासका लागि उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग हुनु अत्यावश्यक छ। यस्तै साधनको रुपमा करले महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

कर सरकारको त्यो आम्दानी हो जुन पछि फिर्ता गर्नु पर्दैन। कर बढी असुल गर्न वा कर भुक्तानीमा प्रोत्साहन गर्न करदातालाई विशेष सुविधा वा छुट प्रदान गर्न भने सकिन्छ। तर हामीकहाँ यस्तो व्यवस्था गरिएको पाईदैन।

सामान्यत: जनताले राज्यलाई अनिवार्य रुपमा बुझाउनु पर्ने रकमलाई कर भनिन्छ। यसको प्रचलन सन् १६०० को अन्ततिर बेलायतले युद्धका लागि अतिरिक्त खर्च जुटाउन शुरु गरिएको हो। अहिले कर विश्वव्यापी रुपमा राज्यको महत्वपूर्ण आय भएको छ। कानून बमोजिम राज्यले विभिन्न क्षेत्रबाट कर असुल्ने गर्दछ।

करको दरले वस्तु एवं सेवाको मूल्यमा प्रभाव पार्दछ। यसै कारण बजेट घोषणाको समयमा करका बारेमा बढी चर्चा हुने गर्दछ। बजेटमार्फत सरकारले कर सम्बन्धी नीति नियम, करको दर, कर उठाउने तरिका आदि सार्वजनिक गर्ने गर्दछ।

करलाई सरकारी राजस्व मानिन्छ। यसमा दुई प्रकारका स्रोतहरु समावेश हुन्छन:- कर राजस्व र गैरकर राजस्व। कर राजस्वलाई आय कर, भंसार अर्थात निकासी र पैठारी कर, सम्पत्ति कर, बिक्री कर, मूल्य अभिवृद्धि कर आदिका रुपमा उठाइन्छ। गैरकर राजस्वमा सरकारी सेवा शुल्क, लाभांश, ऋणको ब्याज, वस्तु तथा सेवाको रोयल्टी आदि पर्दछन्।

करको दर निर्धारण र कर असुल्ने प्रक्रिया राष्ट्रको एक सम्बेदनशील कार्य हो। करको दर बढ्दा वस्तु तथा सेवाको मूल्य बढ्छ, करको दर घट्दा वा कर छुट हुँदा वस्तु तथा सेवाको मूल्य घट्ने सम्भावना रहन्छ। यसरी करको दरले उपभोक्ता तथा जनतालाई प्रत्यक्ष प्रभाव पार्दछ। सर्वसाधारण जनतालाई मर्का नपरोस् भनेरै सरकारले विलासिताका वस्तुहरुमा लाग्ने कर बढाई अति आवश्यक वस्तुहरुमा लाग्ने कर छुट दिने गर्दछ। धनी व्यक्तिबाट बढी र सर्वसाधारणबाट कम कर असुल्ने नीति सरकारले लिएको हुन्छ। नियमित आम्दानीका साथै विशेष कामका लागि सरकारले कर उठाउने गर्दछ।

सामान्यतया जनसरोकारका कार्यहरु सम्पन्न गर्न कर उठाउने गर्दछ। यसको अलावा कर संकलन गर्दा राज्यले निम्न उद्देश्य राखेको हुन्छ।

- आयको समान बितरण गर्न
- बचत र लगानीलाई प्रोत्साहन गर्न
- धेरै आय भएका वर्गबाट करारोपण गरी प्राप्त करलाई सार्वजनिक हितमा खर्च गर्न
- सम्पत्तिको असमान बितरण घटाउन
- सरकारलाई आवश्यक आय संकलन गर्न

कर राजस्व सरकारलाई आवश्यक पर्ने आय स्रोत संकलन गर्ने माध्यम हो। नेपाल सरकारको कुल बजेटमा कर राजस्व र गैरकर राजस्वको मात्रा ६० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ (हेर्नुस तालिका)।

कुल बजेटमा राजस्वको अंश

*(रु हजारमा)*

| आ. व. | कुल बजेट | कुल राजस्व | अंश |
|---|---|---|---|
| २०५८/५९ | ९९७९२२१९ | ६०२५१३२० | ६०.३८ |
| २०५९/६० | ९६१२२४७९ | ५७१५०१७० | ५९.४५ |
| २०६१/६२ | १११६८९९०० | ७०३२०००० | ६२.९६ |
| २०६४/६५ | १६८९९५६०० | १०३६६७२५६ | ६१.३४ |

कर राष्ट्रको अपरिहार्य स्रोत हुन पुगेको छ। यसको अभावमा राज्यले नियमित कार्य सम्पन्न गर्न सक्दैन। उचित कर योजना अनुसार सरकारले करको व्यवस्थापन र संकलन गर्नु पर्दछ। करदातालाई प्रत्यक्ष फाइदा, सुविधा तथा सहुलियत हुने गरी कार्यक्रम संचालन गर्नु पर्दछ। यसले करदाताहरुको न्युनतम कर भुक्तानी गर्ने प्रवृतिमा सुधार ल्याउन सकिन्छ।

**करको ठगी** (Tax Evasion)

करदाताले कुनै पनि तरिकाले आफूले तिर्नुपर्ने भन्दा कम कर भुक्तानी गर्दछ भने त्यसलाई करको ठगी भनिन्छ। यसका लागि करदाताले भुटा तथा काल्पनिक विवरणहरु प्रस्तुत गर्ने गर्दछ। आवश्यक रसिद लुकाउने, छुटाउने वा नक्कली कारोवार सिर्जना गर्ने, अनावश्यक खर्च देखाउने, दुई प्रकारका विल प्रयोग गर्ने, खरिद एवं बिक्री विल तयार नगर्ने आदि जस्ता तरिका अपनाई आम्दानी कम र खर्च बढी तथा नोक्सान दावी गरी कर दायित्व कम गर्ने गर्दछन्। करको ठगी गैरकानूनी कार्य हो। यस्तो कार्य गरेबापत करदातालाई दण्ड वा जरिवानाको व्यवस्था गरिएको हुन्छ। कर विभागले करदाताबाट पेश भएको करको विल ठीक छ/छैन परीक्षण गर्ने गर्दछ। फर्जी विल भेटिएमा नियमानुसार कार्यवाही गर्ने व्यवस्था पनि छ। कर कार्यालयका कर्मचारीहरुले पनि आफू करदाताको लोभ, मोह र प्रलोभनमा नफसी करठगी कार्यलाई हतोत्साहित गर्नु पर्दछ।

"करदातालाई प्रत्यक्ष फाइदा, सुविधा तथा सहुलियत हुने गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ। यसले करदाताहरुको न्युनतम कर भुक्तानी गर्ने प्रवृतिमा सुधार ल्याउन सकिन्छ।"

**करको छलछाम** (Tax Avoidance)

कर योजना कर सम्बन्धी कानून, कर छुट, सहुलियत, खर्च कट्टी, सुविधा आदिको अधिकतम फाइदा प्राप्त गर्न गरिने व्यवस्थापन हो। कर योजनामा करदातालाई तिनै सुविधाहरु प्रदान गरिएको हुन्छ जसले करदाताको कर दायित्व न्यूनतम बनाउँदछ। कर छलछाम त्यो कार्य हो जसमा करदाताहरुले कानूनको प्रविधिक कमजोरीहरु (Technical loop holes) को उपयोग गरी तिर्नु पर्ने करको दायित्वलाई कम गर्दछ। करको छलछाम कानूनमा रहेको कमजोरी हो। कानून मौन रहेको क्षेत्रबाट कारदाताले फाइदा उठाउँदै कम कर भुक्तानी गर्ने गर्दछ। यो कुनै सहुलियत वा सुविधा होइन। यस्तो कार्य गरेबापत कानूनी रुपमा दण्ड वा जरिवाना गर्न पनि सकिँदैन।

घरबहाल कर र घर जग्गा खरिदबिक्रीको रजिष्ट्रेशन दस्तुर भुक्तानीमा करको ठगी र छलछाम भएको समय समयमा छापामा हेर्न पाइन्छ। घरधनी र उद्योगी-व्यापारीबीच घर भाडाको लेनदेन लाखौं रुपैयाँमा भएको भए तापनि सानो रकमको मात्र लिखत तयार गरी कर तिर्ने गरेको पाइन्छ। घर-जग्गाको खरिदबिक्री लाखौं/करोडौं रुपैयाँमा भए तापनि सरकारी दररेटमा मात्र रजिष्ट्रेशन दस्तुर तिर्ने अभिप्रायले सम्पतिको न्यूनतम मूल्याङ्कन गरी राजीनामा पास गरेको पाइन्छ।

करको ठगी र छलछामबाट राजस्व आम्दानी घट्छ। यसको नियन्त्रणका लागि कानून भन्दा नैतिकता वा जिम्मेवारीपन बढी महत्वपूर्ण हुने देखिन्छ। राष्ट्रको विकास निर्माणमा राजस्वको भूमिका महत्वपूर्ण रहन्छ। अत: सरकारले प्रत्येक क्षेत्रको सुक्ष्म अध्ययन गरी राजस्व चुहावट, करको ठगी र करको छलछामका सम्भावनाहरु समयमै बन्द गर्नु पर्दछ। यसका लागि थप नियम कानूनको व्यवस्थाका साथै यस क्षेत्रमा काम गर्ने कर्मचारीहरुलाई नैतिकवान बनाउनु आवश्यक छ।●

# डेपुटी गभर्नर श्री रायमाझी बैंककमा



डेपुटी गभर्नर श्री वीरबिक्रम रायमाझी सिसनले थाइल्याण्डको बैंककमा आयोजना गरेको 'Building Credibility for Effective Monetary Policy' विषयक सेमिनारमा सहभागी हुनु भई माघ १४ गते काठमाडौं फर्कनुभयो । सेमिनारमा भाग लिन उहाँ माघ ८ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।●

# कार्यकारी निर्देशक श्री श्रेष्ठ सेफ बैठकमा



बैंकिङ्ग कार्यालयका कार्यकारी निर्देशक श्री गणेशकुमार श्रेष्ठ सेफ (SAFE)ले बंगलादेशको ढाकामा आयोजना गरेको "2nd South Asian Capital Market" विषयक सम्मेलनमा भाग लिन माघ १६ गते प्रस्थान गर्नुभई माघ २० गते काठमाडौं फर्कनुभयो ।●

# सेमिनार तथा तालिममा सहभागिता

अनुसन्धान विभागका निर्देशक श्री नरबहादुर थापा RBI ले मुम्बईमा आयोजना गरेको '9th SAARC Finance Coordinators' Meeting' विषयक कार्यक्रममा भाग लिन माघ २७ गते प्रस्थान गर्नुभयो । उहाँको फागुन २ गते काठमाडौं फर्कने कार्यक्रम छ ।

सोही विभागका निर्देशक श्री शिवादेवी काफ्ले सिसन सेन्टरले इण्डोनेसियाको बालीमा आयोजना गरेको 'Macroeconomic and Monetary Policy Management' विषयक तालिममा भाग लिन माघ २९ गते प्रस्थान गर्नुभयो । उहाँको फागुन १३ गते काठमाडौं फर्कने कार्यक्रम छ ।

गभर्नरको कार्यालयका प्रेस सल्लाहकार श्री अच्युत वाग्ले RBI ले पुनामा आयोजना गरेको 'Interactive Workshop for Media Persons from Nepal' विषयक कार्यशालामा भाग लिन माघ १९ गते प्रस्थान गर्नुभई माघ २८ गते काठमाडौं फर्कनुभयो ।

उक्त कार्यशालामा भाग लिन गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखाका कायममुकायम सहायक निर्देशक श्री रामकाजी खाइजू पनि जानुभएको थियो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक श्री रविन्द्रकुमार खनाल RBI ले भारतको मुम्बईमा आयोजना गरेको E-payment System विषयक तालिममा भाग लिन माघ ६ गते प्रस्थान गर्नु भई माघ १२ गते काठमाडौं फर्कनुभयो ।

अनुसन्धान विभागका उप-निर्देशक श्री नेफिल मातङ्गी मास्के ग्लोबल डेभलपमेण्ट नेटवर्कले अष्ट्रेलियाको ब्रिसवनमा आयोजना गरेको "Security for Development: Confronting Threats to Survival and Safety" विषयक कार्यशाला गोष्ठीमा भाग लिन माघ १२ गते प्रस्थान गर्नुभई माघ २१ गते काठमाडौं फर्कनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक श्री सरिता अधिकारी एसियाली विकास बैंकले इण्डोनेसियाको जाकार्तामा आयोजना गरेको 'Regional Bank Analysis and Examination School' विषयक तालिममा भाग लिन माघ १५ गते प्रस्थान गर्नुभई माघ २७ गते काठमाडौं फर्कनुभयो ।●

# ग्रामीण स्वावलम्बन कोषको तालिम सम्पन्न

लघु वित्त विभाग, ग्रामीण स्वावलम्बन कोषले पुस २३ गते विराटनगरमा "ग्रामीण स्वावलम्बन कोषको क्रियाकलाप र लेखाप्रणाली" विषयक तालिम सम्पन्न गऱ्यो । तालिममा पाँचथर, ईलाम, तेह्रथुम, झापा, मोरङ्ग, धनकुटा, सुनसरी, सिराहा, सर्लाही र रौतहट गरी १० जिल्लाका विभिन्न सहकारी संस्थाका २३ जना प्रतिनिधिहरुले भाग लिएका थिए ।

तालिमको उद्घाटन पुस २० गते लघु वित्त विभागका कार्यकारी निर्देशक तथा ग्रामीण स्वावलम्बन कोष, संचालक समितिका सदस्य-सचिव श्री सुशिलराम माथेमाले



गर्नुभएको थियो । उहाँले ग्रामीण सहकारी संस्थाहरु लाभान्वित होऊन् भनी ग्रामीण भेगमा यस्तो तालिम सञ्चालन गरिएको बताउनुभयो । बैंक शाखा नभएका ग्रामीण क्षेत्रमा सहकारी संस्थाहरुले बैंककै काम गर्नु पर्ने र गर्दै आएको उहाँले चर्चा गर्नुभयो । साथै, उहाँले तालिममा सहभागी कोषसंग आबद्ध नभएका सहकारी संस्थाहरुलाई कोषमा आबद्ध हुन आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै सोही विभागका निर्देशक श्री ज्ञानेन्द्रप्रसाद ढुङ्गानाले कोषमा आबद्ध हुने सहकारी संस्थाहरुले कोषको क्रियाकलाप र प्रक्रिया तथा लेखाप्रणाली बारेमा जानकारी राख्नु पर्ने कुरा बताउनुभयो ।

नेपाल राष्ट्र बैंक, विराटनगरका मुख्य व्यवस्थापक श्री जगदिश्वरप्रसाद अधिकारीले ग्रामीण सहकारी संस्थाहरु आर्थिक विकासका लागि बढी क्रियाशील हुनु पर्ने चर्चा गर्दै यी संस्थाहरु एकापसमा समन्वय गर्दै अघि बढ्नु पर्ने खाँचो औंल्याउनुभयो ।

तालिममा भिन्दाभिन्दै ६ विषयमा प्रशिक्षण दिइएको थियो । लघु वित्त विभागका निर्देशक श्री ढुङ्गानाले लेखाका सिद्धान्त तथा लेखा राख्ने तरिका विषयमा र उप-निर्देशक श्री विनोदराज आचार्यले ग्रामीण भेगमा सुहाउँदो लघु व्यावसायिक कार्य सम्बन्धी वित्तीय ज्ञान र लघु व्यावसायिक योजना निर्माण गर्ने तरिका तथा कर्जा लगानी तथा असूली नीति सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो ।

यसैगरी डिभिजन सहकारी कार्यालय, मोरङ्गका श्री हरि खत्रीले सहकारी एवं गैरसरकारी संस्थाहरुको लेखा राख्ने विधि र लेखाप्रणाली विषयमा र लघु वित्त विभागका सहायक निर्देशक श्री यज्ञराज अधिकारीले सहकारी एवं गैरसरकारी संस्थाहरुले ग्रामीण स्वावलम्बन कोषमा कर्जा प्रस्ताव पेश गर्दा अपनाउनु पर्ने विधि सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो ।

लघु वित्त विभागका उप-निर्देशक श्री विनोदराज आचार्यले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रमको संचालन सहायक निर्देशक श्री अमरकृष्ण जोशीले गर्नुभएको थियो ।●

# सही मूल्य सूचकाङ्कका लागि यथार्थ मूल्य विवरण आवश्यक

अनुसन्धान विभाग, मूल्य महाशाखाले काठमाडौं र ललितपुर बजार केन्द्रका लागि संयुक्त रुपमा माघ ११ गते काठमाडौंमा मूल्य तथ्याङ्क गोष्ठी सम्पन्न गऱ्यो । गोष्ठीमा मूल्य




तथ्याङ्क उपलब्ध गराउने उद्यमी, व्यापारी एवं विभिन्न संघ/संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । मूल्य तथ्याङ्क उपलब्ध गराउने पक्ष र मूल्य संकलन र प्रशोधन गरी मूल्य सूचकाङ्क तयार गर्ने निकायबीच अन्तरक्रिया र समन्वय कायम गर्न गोष्ठी आयोजना गरिएको थियो ।

गोष्ठीका सभापति अनुसन्धान विभागका कार्यकारी निर्देशक श्री रामप्रसाद अधिकारीले मूल्य प्रदायकबाट यथार्थ मूल्य प्राप्त गर्न सके बैंकले विश्वसनीय तथ्याङ्क प्रकाशन गर्न सक्ने कुरा बताउनुभयो ।

प्रमुख अतिथि नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष श्री सुरेन्दबीर मालाकारले नेपाल राष्ट्र बैंकले तयार पार्ने मूल्य सम्बन्धी तथ्याङ्क लगानीकर्ता, उत्पादक, उपभोक्ता, सरकार, नीति-निर्माता एवं शोधकर्ताका लागि उपयोगी रहेको बताउनुभयो । उहाँले भन्नुभयो- महत्वपूर्ण आर्थिक परिसूचक मूल्य सूचकाङ्क आम नागरिकको जीवनस्तरसँग प्रत्यक्ष सरोकारको विषय हो । यसैले सम्बन्धित पक्षले सही र यथार्थ मूल्य विवरण नियमित रुपमा उपलब्ध गराई मूल्य तथ्याङ्कलाई अझ यथार्थपरक र विश्वशनीय बनाउनु आवश्यक छ ।

गोष्ठीमा अनुसन्धान विभागका उप-निर्देशक श्री गोपालप्रसाद भट्टले **"नेपालमा मूल्य तथ्याङ्क संकलन : सन्दर्भ, औचित्य एवं चुनौतीहरु"** विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा उहाँले उद्यमी, व्यापारीहरुले उपलब्ध गराएको मूल्य विवरणको आधारमा मूल्य सूचकाङ्क तयार गरिने गरेको बताउनुभयो । पछिल्लो एक दशकको मुद्रस्फीतिको विश्लेषण गर्दै उहाँले विगत ११ वर्षमा नेपालको मुद्रास्फीति ८५.९ प्रतिशत रहेको, खाद्यबस्तुको मूल्य ९४.१ प्रतिशत र गैरखाद्यबस्तुको मूल्य ७८.८ प्रतिशतले बढेको बताउनुभयो । उक्त अवधिमा तराईमा सर्वाधिक मूल्य वृद्धि भएको र काठमाडौं उपत्यकाको मूल्य वृद्धि तुलनात्मक रुपमा न्यून रहेको पनि उहाँले बताउनुभयो । साथै, भारतीय मुद्रस्फीतिको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव, पेट्रोलियम पदार्थको मूल्यवृद्धि मुद्रास्फीति नियन्त्रणका प्रमुख चुनौती भएको उहाँले चर्चा गर्नुभयो ।

कार्यपत्रउपर टिप्पणी गर्दै त्रिभुवन



विश्वविद्यालयका सह-प्राध्यापक श्री रत्नराज निरौलाले मूल्यसम्वन्धी तथ्याङ्क सबैलाई महत्वपूर्ण हुने भएकोले यसको तयारी सजगतापूर्वक हुनुपर्ने विचार व्यक्त गर्नुभयो । साथै, उहाँले तथ्याङ्क ऐन, २०१५ ले गोपनीयता सम्बन्धी व्यवस्था गरेकोले व्यापारीहरुले उपलब्ध गराउने तथ्याङ्क पूर्णरुपमा गोप्य रहने पनि बताउनुभयो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंकका प्रेस सल्लाहकार श्री अच्यूत वाग्लेले नेपाल राष्ट्र बैंकले नियमितरुपमा प्रकाशन गर्ने मूल्य लगायत विभिन्न आर्थिक तथ्याङ्कहरु सर्वसाधारणसम्म यर्थाथपरक ढंगले संप्रेषण गर्न आम सञ्चार माध्यमको अहंम भुमिका रहेको चर्चा गर्नुभयो ।

गोष्ठीमा विभिन्न उद्यमी, व्यापारी, पत्रकार लगायतका सहभागीहरुबाट मूल्य तथ्याङ्क र अर्थ व्यवस्थाका विभिन्न सूचकका सम्बन्धमा राखिएका जिज्ञासाको जवाफ कार्यकारी निर्देशक श्री अधिकारी, निर्देशक श्री रामेश्वरी पन्त तथा उप-निर्देशक श्री भट्टले दिनुभएको थियो ।

मूल्य महाशाखाका सहायक निर्देशक श्री डिलाराम सुवेदीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त गोष्ठीको सञ्चालन सहायक निर्देशक श्री रामहरि दाहालले गर्नुभएको थियो ।●

## महेन्द्रनगरमा मूल्य गोष्ठी सम्पन्न

नेपाल राष्ट्र बैंक, धनगढीले पुस २८ गते महेन्द्रनगरमा "मूल्य परिचयात्मक गोष्ठी २०६४" सम्पन्न गऱ्यो । उक्त गोष्ठीको सभापतित्व नेपाल राष्ट्र बैंक, धनगढीका व्यवस्थापक श्री बलराम पौडेलले गर्नुभएको थियो । गोष्ठीका प्रमुख अतिथि उद्योग वाणिज्य संघ, कञ्चनपुरका महासचिव श्री कृष्णप्रसाद पाठक हुनुहुन्थ्यो ।

गोष्ठीमा सहायक व्यवस्थापक श्री कर्णबहादुर जप्रेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्रउपर छलफल हुँदा उठेका प्रश्नहरुको जवाफ व्यवस्थापक श्री पौडेल, कार्यपत्र प्रस्तोता श्री जप्रेल तथा प्रधान सहायक श्री नरेन्द्रबहादुर चन्दले दिनुभएको थियो ।

गोष्ठीलाई सम्बोधन गर्दै प्रमुख अतिथि श्री पाठकले मूल्य संकलन कार्यमा बैंकलाई आवश्यक सहयोग गर्न सधैं तत्पर रहने दृढता व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्तमा व्यवस्थापक श्री पौडेलले मूल्यको महत्व बारे प्रकाश पार्दै यसले देशको नीति निर्माण, विकास निर्माण, तलव भत्ता तथा ज्याला दर निर्धारण कार्यमा सहयोग पुऱ्याउने कुरा बताउनुभयो । साथै, उहाँले बैंकलाई सधैं सही मूल्य उपलब्ध गराई मूल्य संकलन कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सबैलाई अनुरोध गर्नुभयो ।

नेपाल राष्ट्र बैंक, धनगढीका प्रधान सहायक श्री नरेन्द्रबहादुर चन्दले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त गोष्ठीको संचालन प्रधान नगद सहायक श्री लक्ष्मणसिंह बोहराले गर्नुभएको थियो ।●

# विराटनगरमा सरकारी कारोवार गोष्ठी

बैंकिङ्ग कार्यालयले पुस १३ गते विराटनगरमा सरकारी कारोवार विषयक एकदिने गोष्ठी सम्पन्न गऱ्यो । गोष्ठीमा सरकारी कारोवार गर्ने पूर्वाञ्चल विकास क्षेत्रस्थित बैंकका व्यवस्थापकहरु र सरकारी निकायका वरिष्ठ अधिकृतहरुको सहभागिता रहेको थियो ।

गोष्ठीको उद्घाटन नेपाल राष्ट्र बैंक, विराटनगरका मुख्य व्यवस्थापक श्री जगदिश्वरप्रसाद अधिकारीले गर्नुभएको थियो । गोष्ठीबाट सरकारी कारोवार सञ्चालन र प्रतिवेदन प्रणालीमा सुधार हुँदै गएको उहाँले बताउनुभयो । साथै, उहाँले सरकारी कारोवार गर्ने बैंकहरुलाई दिइने सुविधामा एकरुपता हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

गोष्ठीका सभापति तथा बैकिङ्ग कार्यालयका निर्देशक श्री सिद्धिकृष्ण जोशीले गोष्ठीको निष्कर्षलाई सरकारी कारोवार पुनरावलोकन समितिमार्फत नीतिगत निर्णय तहमा पुऱ्याइने जानकारी दिनुभएको थियो ।

गोष्ठीमा राष्ट्रिय वाणिज्य बैंकका विभागीय प्रमुख श्री कविराज अधिकारीले गोष्ठी सरकारी कारोवारमा रहेको समस्या समाधान गर्न सहयोगी हुने धारणा राख्नुभयो ।

एभरेष्ट बैंकका सहायक महाप्रबन्धक श्री हमनाथ गुरुङले सरकारी कारोवारको प्रतिवेदन प्रणालीलाई छिटोछरितो र प्रभावकारी बनाउन वाणिज्य बैंकहरुले सरकारी कारोवार गर्ने शाखाहरुलाई कम्प्युटराइज्ड गर्नुपर्नेमा जोड दिनुभयो ।

महालेखानियन्त्रकको कार्यालयका उप-महालेखानियन्त्रक श्री फणिन्द्रराज रेग्मीले गोष्ठी सरकारी कारोवार गर्ने बैंक अधिकृतहरुका लागि महत्वपूर्ण भएको बताउँदै सरकारी कारोवारमा भैरहने असहजतालाई निराकरण गर्न सबैले सोच्ने बेला भएको कुरा बताउनुभयो ।

गोष्ठीको शुरुमा बैकिङ्ग कार्यालयका उप-निर्देशक श्री शेरजङ्ग रानाले गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने सहायक निर्देशक श्री भुपेन्द्रकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

गोष्ठीमा उप-महालेखानियन्त्रक श्री रेग्मी, राष्ट्रिय वाणिज्य बैंकका विभागीय प्रमुख श्री कविराज अधिकारी र वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री अश्विनीकुमार ठाकुरले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यपत्रमाथि राष्ट्रिय वाणिज्य बैंकका विभागीय प्रमुख श्री अधिकारी र नेपाल बैंक लिमिटेड, लेखा विभागका निमित्त विभागीय प्रमुख श्री राजकुमार सिंहले टिप्पणी गर्नुभएको थियो ।

गोष्ठीमा उपरोक्त तीन वटा कार्यपत्रमाथि छलफल भएको थियो ।●

# सिद्धार्थनगरमा नक्कली नोट पहिचान गोष्ठी

मुद्रा व्यवस्थापन विभागले सिद्धार्थनगरमा पुस २१ गते जाली नोटको पहिचान गोष्ठी सम्पन्न गऱ्यो । रुपन्देही जिल्लास्थित बैंक तथा वित्तीय संस्थाको नगद कारोबारमा संलग्न कर्मचारी तथा प्रतिनिधिहरुलाई सक्कली नोटमा रहने सेक्युरिटी फिचरहरुको जानकारी दिई नक्कली नोट पहिचान गर्न सहयोग गर्नु गोष्ठीको उद्देश्य थियो ।

गोष्ठीमा मुद्रा व्यवस्थापन विभागका कायममुकायम कार्यकारी निर्देशक श्री मनमोहनकुमार श्रेष्ठले एक कार्यपत्र प्रस्तुत गर्दै नक्कली नोट पहिचान र सक्कली नेपाली नोटहरुमा राखिएका सेक्युरिटी फिचरहरुको जानकारी दिनुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका मुख्य व्यवस्थापक श्री ख्यामनारायण ढकालले लुम्बिनी अञ्चलमा नगद व्यवस्थापनका चुनौती सम्बन्धमा अर्को कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्षेत्रमा व्याप्त नक्कली नोटको बढ्दो प्रचलनप्रति सावधान रहन गोष्ठीले ठूलो सघाउ पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

बैंकिङ्ग कार्यालयका सहायक निर्देशक श्री फणिन्द्र क्षेत्रीले भारतीय रुपैयाँ तथा अन्य परिवर्त्य विदेशी मुद्राको पहिचान विषयमा अर्को कार्यपत्र प्रस्तुत गर्नुभयो ।●

# पोखरामा जाली नोट पहिचान गोष्ठी

नेपाल राष्ट्र बैंक, पोखराले पुस २१ गते पोखरामा जाली नोट पहिचान गोष्ठी आयोजना गऱ्यो । विदेशी मुद्रा कारोबार, जाली नेपाली रुपैयाँ तथा शंकास्पद विदेशी मुद्राका नोट पहिचान गर्न प्रशिक्षण दिनु गोष्ठीको उद्देश्य थियो । गोष्ठीमा कास्की जिल्लास्थित बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर र सरकारी कार्यालयका ९० भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

गोष्ठीको उद्घाटन डेपुटी गभर्नर श्री वीरबिक्रम रायमाझीले गर्नुभएको थियो । उक्त अवसरमा उहाँले जाली तथा शंकास्पद नोटको पहिचान गर्ने आधिकारिक निकाय बैंक तथा वित्तीय संस्थाहरु भएको बताउनुभयो । तिनीहरुले तालिमको माध्यमबाट जाली नोट पहिचान क्षमता अभिवृद्धि गरी सर्वसाधारण सामु संस्थाको साख वृद्धि गर्न सकिने उहाँको धारणा थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, पोखराका मुख्य व्यवस्थापक श्री वासुदेव आचार्यले जाली नोटको प्रचलनले स्वदेशी मुद्रा र समग्र बैंकिङ्ग कारोवारप्रति जनमानसको विश्वास हट्ने र अपराधिक गिरोहको मनोवल बढ्न सक्नेतर्फ बैंक तथा वित्तीय संस्थाहरु सजग र सम्बेदनशील हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, पोखराका व्यवस्थापक श्री केशव थापाले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्देश्य तथा उपादेयताको बारेमा प्रकाश पार्नुभएको थियो ।

गोष्ठीमा मुद्रा व्यवस्थापन विभागका निर्देशक श्री नरेश ढकालले जाली नेपाली रुपैयाँ, विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक श्री कल्याणबन्धु अर्यालले विदेशी मुद्रा कारोबार र बैकिङ्ग कार्यालयका सहायक निर्देशक (नगद) श्री माधवप्रसाद घिमिरेले शंकास्पद विदेशी मुद्रा पहिचान सम्बन्धमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्रस्तुत कार्यपत्रमाथिको छलफलमा कृषि विकास बैंक, बैकिङ्ग कार्यालयका अधिकृत श्री रुद्रकुमार श्रेष्ठ, एन.सी.सी. बैंकका श्री शैलेन्द्रकुमार पौडेल, राष्ट्रिय वाणिज्य बैंकका श्री सूर्यरमण पराजुली, मनिचेञ्जर एसोशियसनका अध्यक्ष श्री रामबहादुर श्रेष्ठ, वेलकम मनिचेञ्जरका श्री सावित्री तिमिल्सेना र वेष्ट मनिचेञ्जरका श्री विकेन्द्रमान पालिखेले आ-आफ्नो टिप्पणी प्रस्तुत गर्दै यस्तो गोष्ठी कास्की जिल्लाबाहिर पनि सञ्चालन गरिनु उपयुक्त हुने धारणा राख्नुभएको थियो ।

छलफलमा सहभागीहरुले उठाएका जिज्ञासाको जवाफ मुख्य व्यवस्थापक श्री आचार्य र कार्यपत्र प्रस्तोताहरुले दिनुभएको थियो ।

कार्यक्रमको संचालन नेपाल राष्ट्र बैंक, पोखराका सहायक व्यवस्थापक श्री तिलबहादुर गुरुङले गर्नुभएको थियो ।●

# सहकारी संस्थामा पनि सुशासन र पारदर्शिता आवश्यक

वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री भोलाराम श्रेष्ठले सहकारी संस्थाहरुको सफल संचालनका लागि वित्तीय अनुशासन, सुशासन र पारदर्शिता आवश्यक रहेको बताउनु भएको छ। नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न इजाजतप्राप्त बनेपास्थित मनकामना वित्तीय सहकारी संस्थाको बाह्रौं साधारण सभाको उद्घाटनका अवसरमा पुस ७ गते उहाँले उक्त कुरा व्यक्त गर्नुभएको हो ।

सहकारी संस्थाहरु सहकारिताका सात सिद्धान्त अनुशरण गरी सदस्यहरुको हित संरक्षणका लागि संचालन हुनु पर्नेमा जोड दिँदै उहाँले यस्ता संस्थाहरु अर्थतन्त्रको विकासमा सहयोग गर्न सक्षम हुनुपर्ने धारणा व्यक्त गर्नुभयो। साथै, उहाँले बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणका विविध पक्षमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक श्री श्रेष्ठले संस्थाका संस्थापक तथा संचालकहरुलाई सम्मानपत्र एवम् उत्कृष्ठ ऋणी तथा बचतकर्ताहरुलाई कदरपत्र वितरण गर्नुभयो । उहाँले संस्था-सदस्यका छोराछोरीहरुमध्ये २०६३ सालको प्रवेशिका परीक्षामा उत्कृष्ठ अंक ल्याउने विद्यार्थीलाई कदरपत्र प्रदान गर्नुभएको थियो ।

संस्थाका अध्यक्ष तथा जिल्ला सहकारी संघ लि. काभ्रेका अध्यक्ष श्री मुकुन्दप्रसाद दाहालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा अर्थमन्त्रालयका सह-सचिव श्री कुमार श्रेष्ठ, सहकारी विभाग, डिभिजन कार्यालयका सहकारी अधिकृत श्री मोहन निरौला, अन्नपूर्ण विकास बैंकका अध्यक्ष श्री चन्द्रप्रसाद शर्मा तथा विन्दवासिनी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष श्री भरतप्रसाद शर्मा लगायतका वक्ताहरुले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

वि.स. २०५२ देखि सीमित बैंकिङ्ग कारोवार शुरु गरेको मनकामना वित्तीय सहकारी संस्थामा हाल २३० जना सदस्यहरु छन्। संस्थाले आफ्ना सदस्यहरुबाट २०६४ असारसम्ममा रु. ११ करोड ७५ लाख बचत संकलन गरी रु. १५ करोड ४० लाख कर्जा प्रवाह गरेको जनाएको छ ।●

# भैरहवामा वासेल-२ अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरले पुस २० गते भैरहवामा वासेल-२ विषयमा अन्तरक्रिया सम्पन्न गर्‍यो। बैंक तथा वित्तीय संस्थाहरुको पूँजीकोष सम्बन्धी नयाँ अवधारणा वासेल-२ (BASEL- 2) सम्बन्धमा रुपन्देही जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुसंग अन्तरक्रिया गर्नु कार्यक्रमको उद्देश्य थियो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका निर्देशक श्री महाप्रसाद अधिकारीले "The International Convergence of Capital Measurement and Capital Standard" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यपत्रमा उहाँले वासेल-२ र यसका तीनवटा स्तम्भ (Pillars) का बारेमा चर्चा गर्नुभएको छ। कार्यक्रममा उहाँले वासेल- २ बैंकिङ्ग व्यवसायलाई सुरक्षित, स्वस्थ एवम् सुदृढ बनाउने नवीनतम अवधारणा भएको बताउनुभयो। कारोवारमा निहित जोखिम कम गर्न बैंकहरुसंग न्यूनतम पूँजी कायम हुनुपर्ने, बैंकहरुको निरीक्षण तथा अनुगमन कार्य नियमित प्रक्रियाका रुपमा हुनुपर्ने र बैंकको वास्तविक स्थिति सर्वसाधारणको जानकारीका लागि नियमित रुपमा प्रकाशन गर्नुपर्ने जस्ता यसका तीन मान्यता रहेको जानकारी उहाँले दिनुभयो। साथै, उहाँले नेपालका वाणिज्य बैंकहरुमा यो अवधारणा आर्थिक वर्ष २०६५/६६ देखि पूर्णरुपमा लागू गर्ने योजना नेपाल राष्ट्र बैंकको रहेको प्रष्ट पार्नुभयो।

कार्यक्रममा गोष्ठीका सभापति तथा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका मुख्य व्यवस्थापक श्री ख्यामनारायण ढकालले नेपालमा वासेल- २ को कार्यान्वयनबाट बैंक तथा वित्तीय संस्थाहरुको स्थिति थप मजबुत हुने विश्वास व्यक्त गर्नुभयो।

अन्तरक्रियामा सहभागीहरुले राखेका जिज्ञासाको जवाफ मुख्य व्यवस्थापक श्री ढकाल तथा कार्यपत्र प्रस्तोता श्री अधिकारीले दिनुभएको थियो।

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका व्यवस्थापक श्री किशोरकुमार ढकालले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको महत्व तथा उपादेयतामाथि प्रकाश पार्नुभएको थियो। व्यवस्थापक श्री गोविन्दप्रसाद नागिलाले धन्यबाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन सहायक व्यवस्थापक श्री गुरूप्रसाद पौडेलले गर्नुभएको थियो।

Basel Committee on Banking Supervision, Basel, Switzerland द्वारा प्रतिपादित The International Convergence of Capital Measurement and Capital Standard लाई वासेल- २ भनिन्छ ।●

# १६ कर्मचारीको सेवा परिवर्तन

बैंकको प्रशासन सेवाको सहायक चतुर्थ श्रेणीका १६ जना कर्मचारीहरुको प्राविधिक सेवाको समान श्रेणीको पदमा सेवा परिवर्तन गरिएको छ। नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार सेवा परिवर्तनको अवसर लिनका लागि रीतपूर्वक निवेदन दिएका ती कर्मचारीहरुको सेवा परिवर्तन गरिएको हो ।

जनशक्ति व्यवस्थापन विभागका अनुसार वरिष्ट पियनबाट चालक पदमा सेवा परिवर्तन गर्नेहरुमा नेपाल राष्ट्र बैंक, पोखराका सर्वश्री मोहन गिरी तथा ऋषिराम बराल, सामान्य सेवा विभागका प्रदिप क्षेत्री, शेरबहादुर मगर, राजकुमार भेटवाल, कालु तामाङ्ग तथा राजेश लामिछाने, बैकिङ्ग कार्यालयका रत्नलाल महर्जन, मुद्रा व्यवस्थापन विभागका रामकाजी महर्जन र नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका सोहनलाल चौधरी हुनुहुन्छ ।

यसैगरी बरिष्ट पियनहरु बैकिङ्ग कार्यालयका मंगला आचार्य, नेपाल राष्ट्र बैंक, विराटनगरका मुकुन्द नेपाल, सामान्य सेवा विभागका पार्वती श्रेष्ठ र नारायण सिटौला सहायक सञ्चार चालक पदमा तथा नेपाल राष्ट्र बैंक, जनकपुरका विजयकुमार न्यौपाने र नेपाल राष्ट्र बैंक, वीरगञ्जका बोधविक्रम आलेको कालिगढ पदमा सेवा परिवर्तन गरिएको छ ।●

## फोटो फिचर



*नेपाल राष्ट्र बैंक, पोखराले पुस २६ गते मुख्य व्यवस्थापक श्री वासुदेव आचार्यको सम्मानमा एक कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमका सहभागीहरू ।*

# मार्जिन लेन्डिङ फुकुवा

नेपाल राष्ट्र बैंकले पुस १३ गतेदेखि मार्जिन लेन्डिङमा लगाइएको रोक माघ ८ गतेदेखि फुकुवा गरिएको छ । यस संगसंगै बैंकले मार्जिन लेन्डिङ प्रवाह थप कडा बनाएको छ ।

उक्त दिन जारी परिपत्र अनुसार मार्जिन लेन्डिङ उपलब्ध गराउँदा सुरक्षणबापत राखिने शेयरको मूल्याङ्कन पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्य (Closing Price) को औसत मूल्यको आधारमा बढीमा ५० प्रतिशत वा शेयरको प्रचलित बजार मूल्यको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सो रकमसम्म मात्र कर्जा दिन सकिनेछ । एकपटक प्रवाह गरिसकेको यस्तो कर्जालाई सुरक्षणमा रहेको शेयरको पूर्नमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सिमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन । विगतमा ५० प्रतिशतको सीमाभन्दा बढी हुने गरी कर्जा प्रदान गरिएको भएमा २०६५ असार मसान्त वा भुक्तानी अवधिमध्ये जुन अगाडि हुन्छ सोही समयावधिभित्र नियमित गर्नु पर्नेछ ।

बैंकको निर्देशन वमोजिम पूँजीकोषको अनुपात कायम नगरेका बैंक तथा वित्तीय संस्थाहरु, नेटवर्थऋणात्मक भएका संस्थाहरु, नेपाल धितोपत्र विनिमय वजार लिमिटेडले सूचीकरणबाट हटाएका (Delisted) संस्थाहरु, आर्थिक वर्ष समाप्त भएको एक वर्ष अवधि पुरा हुँदा समेत अन्तिम लेखापरीक्षण नगराएका संस्थाहरुको शेयर धितोमा कर्जा दिन नपाइने परिपत्रमा उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थाहरुले यस प्रकृतिको कुल कर्जा रकम वढीमा आफ्नो प्राथमिक पूँजी (Core Capital) बराबरको रकमसम्म मात्र प्रवाह गर्न सक्नेछ । साथै, यसरी कर्जा प्रदान गर्दा बैंक तथा वित्तीय संस्थाले एउटा सूचीकृत कम्पनीको शेयरको हकमा आफ्नो प्राथमिक पूँजीको बढीमा २५ प्रतिशतमा ननाघ्ने गरी मात्र कर्जा प्रवाह गर्नु पर्नेछ ।

विगतमा प्राथमिक पूँजी भन्दा बढी कर्जा प्रदान गरेका बैंक तथा वित्तीय संस्थाले निर्धारित सीमामा नआएसम्म यस्तो प्रकृतिको थप कर्जा प्रवाह गर्न पाइने छैन ।

बैंक तथा वित्तीय संस्थाहरुले यस्तो कर्जा प्रवाह गर्दा शेयरको सक्कल प्रमाणपत्र धितो राखेर मात्र कर्जा प्रदान गर्नु पर्नेछ ।●

## उद्धरण

**समय** राष्ट्रिय साप्ताहिक, २४ माघ, २०६४ बाट

### बढ्न चाहिँ बढ्दैन

तरलता अभाव भएपछि केही वाणिज्य बैंकहरूले बचतको ब्याजदर बढाएका छन् । बढ्दा बैंकिङ तथा वित्तीय संस्थाहरूको भीडमा बचतकर्ताहरूको निक्षेपले थप ब्याज पाउन थालेको छ । १२ वर्ष लामो युद्ध रोकिएर शान्तिप्रक्रिया सुरु भएलगत्तै दर्जनौं विकास बैंकहरू थपिएका थिए भने कमर्सियल बैंकहरू पनि खुलेका छन् । तैपनि ठूला ठूला कमर्सियल बैंकहरूले बचतकर्ताहरूको निक्षेपमा थोरैमात्रै ब्याज दिँदै आएका थिए । केही महिनायता तरलता भोग्न सुरु भएपछि बैंकहरूले ब्याजदर बढाएर बचत आकर्षण गर्न सुरु गरेका हुन् ।

तरलता निकै अभाव भइरहको भए पनि निजी क्षेत्रका ठूला वाणिज्य बैंकहरूको मनस्थिति भने अझै पनि ब्याजदर नबढाउने नै देखिएको छ । यो तरलता घट्ने क्रम छोटो अवधिसम्मका लागि मात्रै हुने आफूहरूले विश्लेषण गरेको सुनाउँछन्, बैंकर्स एसोसिएसन नेपालका उपाध्यक्ष शशिन जोशी । उनी भन्छन्, 'यो स्थिति केही समयका लागि मात्रै हो ।' यो तर्कका पछाडि उनीसँग थुप्रै कारण र आधारहरू पनि छन् । यो वर्ष निक्षेपदरभन्दा ऋण प्रवाहदर बढेको बताउँछन् उनी । उनी भन्छन्, '१०/११ प्रतिशतले डिपोजिट ग्रोथ छ भने १३/१४ प्रतिशत ऋण प्रवाहदर भएको छ ।' बचतभन्दा ऋण प्रवाह बढी हुन गएकाले बैंकहरूमा लगानीका लागि पर्याप्त रकम नभएको उनको तर्क छ ।

अहिले राष्ट्र बैंकसँग नेपाल सरकारको नाममा ११ अर्ब बचत रहेको सुनाउँछन्, जोशी । त्यो पैसा यो पुस मसान्तसम्म बिभिन्न नाममा उठेको राजस्व भएको उनको भनाइ छ । पुस मसान्तसम्म त्यसरी त्यति ठूलो परिमाणमा राजस्व संकलन भएकाले पनि बचत गर्ने पैसा नभएपछि बैंकहरूले तत्कालका लागि तरलताको चाप व्यहोर्नुपरेको तर्क गर्छन् जोशी । उनकै भनाइमा कृषि विकास बैंकका लागि गाउँ र अर्धसहरी क्षेत्रबाट सेयरमा लगानी हुनु पनि तरलता चापको अर्को कारण हो । सेयरका लागि ६ अर्बको निवेदनका लागि पनि कम्तीमा ३ अबर कृषि विकास बैंकसँग पुगेको उनको भनाइ थियो । राष्ट्र बैंकमा भएको सरकारी बचत र कृषि विकासको सेयरमा गएको त्यो सबै रकम फेरि बजारमा आउनका लागि मात्रै केही समय कुर्नुपरेको र त्यो पक्का आउने विश्वास भएकाले बैंकहरू ब्याजदर वृद्धिको आकर्षण देखाएर बचत तान्ने दिशामा नरहेको जोशीले जनाउ दिए ।

त्यसो त सरकारले नेपाल टेलिकमका लागि ९ अर्बको सेयर सर्वसाधारणलाई दिन लागेकाले पनि बैंकमा बचत नगरी साथमै साँचेकोले पनि तरलता घटेको बताउँछन्, उद्यमी बनवारीलाल मित्तल ।

बैंकर्स प्रतिनिधि जोशीले ब्याजदर नबढाउने मनस्थिति सार्वजनिक गर्दा गर्दा पनि केही समययता अन्तरबैंक ब्याजदर भने बढेको छ भने साधारण बचतकर्ताहरूको निक्षेपमा पनि ब्याज बढाइएको छ । स्वयं जोशी कार्यकारी निर्देशक रहेको एनआइसी बैंकले हालै मात्रै बचत खाताको ब्याजदर ५ प्रतिशत पुऱ्याएको छ । यसअघि उसले बचत खाताको निक्षेपलाई ३ प्रतिशत मात्रै ब्याज दिँदै आएको थियो । त्यसो त नबिल बैंकले समेत आफ्नो ब्याजदर २ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याइसकेको छ । त्यस्तै एनआइसीले १ वर्षको मुद्दतिको ब्याजदर साढे ४ बाट बढाएर साढे ५ प्रतिशत र २ वर्षभन्दा माथिको मुद्दती निक्षेपको ब्याज ६ प्रतिशत पुऱ्याएको छ । ब्याज बढाउनेमा अरू आधा दर्जन बैंकहरू पनि छन् । लक्ष्मी, सिटिजन बैंक र बैंक अफ काठमाडौंले पनि ब्याजमा वृद्धि गरेका हुन् । तर अरू थुप्रै बैंक तथा वित्तीय संस्थाहरूले ब्याजदर बढाउने संकेत दिएका भने छैनन् । बैंकहरूबीचको अन्तरबैंक ब्याजदर भने अधिकतम ७ प्रतिशतसम्म छ, तर गनिएका वाणिज्य बैंकहरू अझै पनि अधिकतम ४ प्रतिशत ब्याज दिएरै बसेका छन् ।

कतिपय विज्ञहरू भारततिर नेपालको पुँजी पलायनलाई तरलता घट्नुको एउटा कारण मान्छन् । उनीहरूको तर्कसँग त्यहाँका बैंकहरूले दिने १० प्रतिशतसम्मको ब्याजको आकर्षण आउँछ पनि, तर जोशी त्यो तर्क मान्न तयार छैनन् । 'भारतमा नेपालको पुँजी पलायन यसरी एकैपटक हुँदैन, भयो भने पनि क्रमशः अलिअलि मात्रै हुन्छ', उनी भन्छन् । नेपालका बैंकहरूसँग पोहोर १० अर्बजतिको तलरता थियो भने अहिले २ अर्बजति रहेको बताइन्छ । तर जोशी बैंकहरूसँग ३ सय ५० अर्ब निक्षेप रहेको सुनाउँछन् । शान्ति प्रक्रियासँगै सर्वसाधारण जनता आफ्नै किसिमले लगानीमा जुटेका छन् भने बैंकहरूको संख्या पनि निकै बढेर आएको छ ।

बैंकहरूमा तरलता घटकै कारण गएको सोमवारदेखि राष्ट्रबैंकले बैंकहरूलाई नगद सापटी दिन सुरु गरिसकेको छ । उसले २ अर्बजति त्यसरी वितरण गर्न लक्ष्य लिएको छ । यसअघि पनि राष्ट्र बैंकले यसरी नै नगद प्रवाह गरेको थियो । देशको अर्थतन्त्रको एउटा प्रमुख संचालक राष्ट्र बैंकले नै तरलता घटेको भनेर नगद प्रवाह सुरु गरिसक्दा समेत निजी क्षेत्रका बैंकहरूले भने थोरै समयका लागि मात्रै यस्तो होला भनेर सर्वसाधारणको बचत आकर्षण गर्न ब्याजदर नबढाउने मनस्थिति बनाइराख्दा बचत कसरी बढ्ला र घट्दो तरलता रोकिएला ? ■

## जनसम्पर्क महाशाखाको सूचना

'नेपाल राष्ट्र बैंक समाचार'ले बैंकको ५३ औं वार्षिकोत्सव (२०६५ वैशाख १४) को उपलक्ष्यमा आर्थिक लेख विशेषाङ्क प्रकाशित गर्दैछ । उक्त अङ्कमा प्रकाशनार्थ विद्वान लेखकहरूबाट आर्थिक, वित्तीय, मौद्रिक, व्यवस्थापन तथा बैंकिङ्ग विषयका समसामयिक, अनुसन्धानात्मक एवम् विश्लेषणात्मक लेख आह्वान गरिएको छ । आफ्नो लेख २०६४ फागुन मसान्तभित्र **नेपाल राष्ट्र बैंक, जनसम्पर्क महाशाखा**मा आइपुग्ने गरी पठाई दिनुहुन अनुरोध छ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा**
फोन/फ्याक्स : +९७७-१-४४११९९८, Ext.: ३६६, ३६९
ईमेल : prd@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**साधना उपाध्याय**

*सम्पादन सहयोगी*
**बिमला उपाध्याय, विन्दुप्रसाद अर्याल**
**रामकाजी खाइजू**